यस व्यास नगरकार्यपालिकाको १७४ औं बैठक आज मिति २०८०/०६/२२ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मन बहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णु कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्ण प्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दल बहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेत बहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री गंगालाल सुवेदी | उपस्थित |
| का.वा. अध्यक्ष वडा नं. १ | - श्री मणिजंग बस्नेत | उपस्थित |
| अधिकृत सातौं | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: २०८०/६/७ को कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: गणक छनौट र प्रशिक्षण कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.३: बुधबारे हाट बजार सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.४: बैरेनी जग्गा एकीकरण आयोजनाको पहिलो चरणको निर्माण कार्य सम्बन्धमा ।
प्रस्ताव नं.५: ३ पाङ्ग्रे टेम्पु, ४ पाङ्ग्रे म्याजिक अनुमति दर्ता सम्बन्धमा ।
प्रस्ताव नं.६: डेङगु रोग नियन्त्रण सम्बन्धमा ।
प्रस्ताव नं.७: दलित उत्थान कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.८: वडादशैं, शुभ-दिपावली, छठ पर्व २०८० को शुभ-कामना दिने सम्बन्धमा ।
प्रस्ताव नं.९: मानुङकोटमा खानेपानी व्यवस्थापनका गर्न सङ्घीय बजेटबाट टेण्डर प्रकृया अगाडि बढाउने सम्बन्धमा ।
प्रस्ताव नं.१०: धन्यवाद ज्ञापन सम्बन्धमा ।
प्रस्ताव नं.११: सूचीकृत श्रमिकहरुलाई काममा लगाउने सम्बन्धमा ।
प्रस्ताव नं.१२: कृषि र पशुपंक्षीका लागि भवन निर्माण गर्न अनुरोध गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३: अत्यावश्यक एवं विपद्जन्य कार्यमा बजेट विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.१४: आलुको बिउ खरिद अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१५: ढुङ्गा, गिट्टी, बालुको सूचना प्रकाशित अनुमोदन सम्बन्धमो
प्रस्ताव नं.१६: गरिवी पहिचान निर्देशिका सम्बन्धमा ।
प्रस्ताव नं.१७: घर भाडा सम्बन्धमा ।
प्रस्ताव नं.१८: नगर प्रमुखज्यू चिन भ्रमण सम्बन्धमा ।
प्रस्ताव नं.१९: प्रधान अध्यापक नियुक्ति अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.२०: डेङगु बिरामी कर्मचारीको बिदा सम्बन्धमा ।
प्रस्ताव नं.२१: स्वास्थ्य कर्मचारीलाई इन्धन तथा सञ्चार सुविधा दिने सम्बन्धमा ।
प्रस्ताव न.२२: विद्यालयको रुख काट्ने सम्बन्धमा ।
प्रस्ताव नं.२३: रकम उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा बैठकमा यस आर्थिक वर्षका भएका कार्यपालिका बैठकहरुको निर्णयहरुमा सम्पन्न हुन बाँकी रहेका कार्यहरु र मिति २०८०/६/७ गते भएको कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा नेपाल नगरपालिका संघको निर्णयानुसार गण्डकी प्रदेशमा व्यास नगरपालिका छनौट भई मिति २०८०/०६/२३ र २४ गते दिशा-पिशाबजन्य सरसफाई सम्बन्धी हुन गइरहेको (Shit Flow Diagram-SFD) को गणकहरुको छनौट र प्रशिक्षण कार्यमा सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाबाट २०८०/०६/०३ देखि थालनी गरिएको बुधबारे हाट बजारको समीक्षा गरी उक्त दिन बिहानदेखि साँझसम्म अनसन चौतारी नजिक दमौली सेन्टर पार्कको चौरमा व्यवस्थित गरी सञ्चालन गर्ने र उक्त दिन अन्य सडक, गल्ली, चोकमा बिक्री वितरणमा प्रतिबन्ध गरी गाडी, ठेलागाडा समेतलाई निर्धारित चौरमै बिक्री वितरण गर्न व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा बैरेनी जग्गा एकीकरण आयोजना (प्रथम चरण) को पहिलो चरणको जग्गा सम्याउने तथा रिटेनिङ्ग स्ट्रक्चर निर्माण (ठेक्का नं. 1/Works/ Vyasmun/Landpooling/078/080) कार्य सम्पन्न भई जम्मा बिल रकम रु.५९,९०,७८१।०५ (मु.अ. कर समेत) मा यस अघि पहिलो रिनिङ्ग बिल स्वरुप रकम रु.३१,९०,०१५।०३ (मु.अ. कर समेत) भुक्तानी भई बाँकी रकम रु.२८,००,७६६।०२ अन्तिम बिल स्वरुप फर्म श्री विश्वास एण्ड बिपु कन्स्ट्रक्सन, जोरपाटी काठमाण्डौले माग गरेको हुँदा नगर विकास कोष तथा व्यास नगरपालिका बिच "बैरेनी जग्गा एकीकरण आयोजना (Baireni Land Pooling Project, Project Code: 2290-UID-CO-L)" निर्माण सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऋण सम्झौता बमोजिम अन्तिम बिल रकम तथा कन्टिन्जेन्सी (५ प्रतिशत) रु.२,६५,०७८।८१ सहित जम्मा रु.३०,६५,८४४।८३ को ७० प्रतिशतले हुन आउने रकम रु.२१,४६,०९१।३८ नगर विकास कोषसँग दोस्रो किस्ता स्वरुप ऋण माग गर्ने निर्णय गरियो । साथै बैरेनी जग्गा एकीकरण आयोजना (प्रथम चरण) को दोस्रो चरणको निर्माण कार्यका लागि टेण्डर प्रक्रिया अगाडि बढाउने सहमतिका लागि आवश्यक दस्तावेज सहित नगर विकास कोषलाई पत्राचार गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका भित्र सञ्चालनमा रहेका ३ पाङ्गे टेम्पु, ४ पाङ्गे म्याजिकलाई नगरपालिकाको नियमानुसार २०८० कार्तिक मसान्तभित्र नवीकरण वा नयाँ दर्ता गर्न समय दिने र उक्त समयभित्र नवीकरण/दर्ता गरेमा सञ्चालन अनुमति प्रमाणपत्र उपलब्ध गराउने र उक्त अवधिभित्र नवीकरण/दर्ता नगरेमा नगरपालिका भित्र सञ्चालन गर्न रोक लगाउने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्र हालसम्म पनि डेङ्गुको असर नघटेको हुदाँ खोज र नष्ट गर अभियानलाई टोल विकास संस्था समेतको सहयोगमा निरन्तरता दिन वडा समितिलाई निर्देशन दिने र विश्व स्वास्थ्य गठन (WHO) को सिफारिसको डेङ्गु नियन्त्रण सम्बन्धी औषधी खरिद गरी डेङ्गु प्रभावित वडाहरुमा छर्न समेत स्वास्थ्य तथा जनसंख्या शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको नीति तथा कार्यक्रम र विनियोजित बजेट अनुसार दलित उत्थान कार्यक्रमलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न नगर प्रमुखको अध्यक्षतामा प्रमुख प्रशासकीय अधिकृत, नगरपालिकाका कार्यपालिका सदस्यहरु, वडाका दलित महिला वडा सदस्यहरु सबै र राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दलका एक/एक जना नगरस्तरीय दलित प्रतिनिधि, नगरपालिकाका लेखा अधिकृत, शिक्षा तथा सामाजिक विकास शाखा प्रतिनिधि संलग्न दलित लक्षित कार्यक्रम सञ्चालन समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा वडादशैं, शुभ-दिपावली, छठ पर्व २०८० र नेपाल सम्वत् ११४४ लगायतका अवसरमा सम्पूर्ण नगरवासी दाजु-भाई, दिदी-बहिनीहरुमा सुख, समृद्धि, सु-स्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो । साथै वर्तमान, निवर्तमान, पूर्व जनप्रतिनिधि, कर्मचारी सहितको शुभकामना आदान-प्रदान कार्यक्रम २०८०/७/३ गते राख्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ मानुङकोटमा खानेपानी व्यवस्थापनका लागि सङ्घीय बजेटबाट टेण्डर प्रकृया पुरा गरी निर्माण व्यवसायीलाई कामको इजाजत दिइएकोमा दर्ता भएको मुलमा केही जग्गाधनीहरुबाट असहमति जनाएकाले सम्बन्धित पक्षहरुसँग सहमतिका लागि छलफल चलिरहेकोमा उक्त छलफललाई निष्कर्षमा पुर्‍याई योजना सञ्चालन गर्न वातावरण निर्माण गरी सम्बन्धित वडा र योजना शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्र जोखिममा रहेका भूकम्प प्रभावितहरुका लागि पुनःलाभ सामुदायिक उत्थानशील परियोजना दमौली तनहुँको प्रगती प्रतिवेदन बैठकमा प्रस्तुत भई परियोजनाको समीक्षा गरियो । सम्बन्धित संस्थालाई सहयोगका लागि धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा सङ्घीय सरकारको विनियोजित रकमबाट हाललाई प्रस्तावित वडाहरुमा प्रति वडा रू.३,००,०००। भित्र बजेट शिर्षक नं. ४०४ बाट खर्च हुने गरी वडा नं.५, ६, ११, १२, १३, १४ मा रोजगार सृजना सम्बन्धी कार्यक्रममा सूचीकृत श्रमिकहरुलाई काममा लगाउने गरी कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्रभित्र कृषि एवं पशुपंक्षी पालन व्यवसाय बढ्दो क्रममा रही थप सेवा विस्तारका लागि प्रयोगशाला सहितको कृषि र पशुपंक्षी विकास शाखाको भवन आवश्यक भएको हुँदा यस नगरपालिकाले जग्गा व्यवस्था गर्ने गरी ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना, हरिहर भवन ललितपुरसँग भवन निर्माणका लागि आवश्यक सहयोगको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका विपदजन्य एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो । उक्त कार्यक्रमहरु सञ्चालन गर्दा नियमानुसार सम्बन्धित शाखासँग सम्पर्क गरी सम्झौता गर्ने र कार्य सम्पन्न भएपश्चात् सम्बन्धित वडाबाट कार्यसम्पन्न भएको भनी भुक्तानीको लागि सिफारिस पत्र ल्याउनु पर्नेछ ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | ब्लुफिन टेक्नोलोजीस् ढोकाको चाबी बिल प्रहरी | १ | २८,७००। | २९ |
| २. | कृषिउपज तरकारी संकलन केन्द्र, २०८०/५/७ को निर्णयको रू.१,१०,०००/- समेत | १ | १,६०,०००। | ११२ |
| ३. | आदिवासी जनजाती नगर समिति, सहयोग | २ | ३३,०००। | ७२ |
| ४. | सन्तोष होटल डेङगु नियन्त्रण विज्ञको खर्च | २ | ४२,८७७। | १०८ |
| ५. | जिल्ला प्रशासन कार्यालय अगाडी नाला निर्माण | ३ | २,४०,०००। | ८७७ |
| ६. | जेष्ठ नागरिक मिलन केन्द्र सञ्चालन | ३ | २,००,०००। | ९३ |
| ७. | सदिक्षा पोखेल, अनुसन्धान सहयोग | ४ | ३०,०००। | ८३ |
| ८. | पिस प्याराडाइज होटल अतिथी व्यवस्थापन | ४ | २४,०००। | ७२ |
| ९. | तनहुँ कालिका शहिद शान्ति पार्क दशै व्यवस्थापन | ४ | ८०,०००। | १३० |
| १०. | खरसिङ्ग खोला मानुङ्ग मार्ग, ढलान मर्मत | ५ | ६५,०००। | विपद |
| ११. | सँगम प्रा.वि., झ्याल, ढोका, भुई मर्मत | ५ | १,५०,०००। | ८५८ |
| १२. | क्यामिनकोट मा.वि., विद्युत मोटर खरिद | ७ | १८,५००। | ८५८ |
| १३. | इन्डोर व्याडमिण्टन केन्द्र अधुरो निर्माण | ७ | २,००,०००। | १३१ |
| १४. | सत्यदेवी मन्दिर निर्माण मर्मत | ८ | २,००,०००। | ८७७ |
| १५. | अम्बर कुँवर, सिँचाई पाइप सहयोग समेत | १० | २५,०००। | ८२३ |
| १६. | सन्तबहादुर दर्जी, नरसिङ्गा खरिद | १० | १०,०००। | १२४ |
| १७. | श्याम मामा घर्ती, घर संरक्षण | १० | ४०,०००। | विपद् |
| १८. | सोभादेवी घर्ती, घर संरक्षण | १० | ४०,०००। | विपद् |

| | | | | |
|---|---|---|---|---|
| १९. | दिल बहादुर वि.क., सिँचाई पाइप खरिद | १० | १४,०००। | ८२३ |
| २०. | निबन्ध प्रतियोगिता संविधान दिवस (शिक्षा शाखा) | | २२,४७५। | ८७ |
| २१. | केत्रासात ढावखोल्सी खानेपानी मोटर खरिद | १२ | ५४,०००। | ८३१ |
| २२. | सिद्देश्वरी मा.वि., पैह्रो नियन्त्रण | १२ | १,१०,०००। | विपद् |
| २३. | बाघखोर खानेपानी मोटर पाइप खरिद | १२ | ३,००,०००। | ८३१ |
| २४. | पम्फादेवी थापा, धन्सार आगलागी बाखा, सुँगुर नष्ट | १४ | २०,०००। | विपद |
| २५. | कामाख्या प्रतिष्ठान डाईरेक्ट्री बिल भुक्तानी (काठमाण्डौ) | | १९,५००। | ७२ |
| | जम्मा : | | २१,२७,०५२। | |

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा आलु लगायत तरकारी पकेट क्षेत्र (५०% अनुदान) सि.नं.१०० को कुल बजेट १० लाख मध्ये आलुको बिउको माग अत्याधिक भएको हुँदा रू.९ लाख न.पा. तर्फ र रू.९ लाख कृषक तर्फको गरी कुल १८ लाख बरावरको आलुको बिउ वितरणको लागि खुल्ला प्रतिस्पर्धाबाट खरिद गर्ने कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा मादी/सेती नदीको ढुङ्गा, गिट्टी, बालुवाको दुई वटा घाटको दुई पटकसम्म ई-विडिङ्ग गर्दा समेत ठेक्का नपरेको हुँदा गण्डकी प्रदेशको आर्थिक ऐन, २०८० को अनुसूची ७ बमोजिम राजश्व परामर्श समितिको सिफारिसमा १९ प्रतिशत अङ्क घटाई १५ दिने सूचना प्रकाशित गरिएको कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा गरिवी पहिचान निर्देशिका २०८० अनुसार कार्य अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा कलेस्ती प्रहरी चौकी व्यास ७ बजार क्षेत्रमा चोरी बढेको, वडा कार्यालयमा समेत चोरी भएको, शान्ति सुरक्षा कायम गर्ने वडा कार्यालय नजिक कलेस्तीमा सुब्बा कामीको नक्सा नं. १ च, कि.नं. २२१, क्षेत्रफल ०-३-०-० मा बनेको घरमा भाडामा बसेको र उक्त भवन घर कायम गर्ने प्रक्रियामा रहेका वडा कार्यालयको सिफारिस पत्र प्राप्त भएकाले उक्त घरको सम्झौता अनुसारको भाडा रकम भुक्तानी गर्नका लागि आर्थिक प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा नगर प्रमुखलाई कार्तिक २५-२९ सम्म UELG ASPAC को कार्यक्रममा आमन्त्रण भएकाले नगरपालिकालाई आर्थिक भार नपर्ने गरी भ्रमण स्वीकृति गरी सङ्घीय मन्त्रालयमा जानकारी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा जनता आधारभूत विद्यालय व्यास १० को प्रधान अध्यापक पदमा श्री विष्णुबहादुर वि.क.लाई नियुक्ति अनुमोदनका लागि विद्यालय व्यवस्थापन समितिले निर्णय गरी पठाएकाले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छफल हुँदा यस नगरपालिकामा डेङगु रोगको महामारीमा त्यस्तो रोग लागी बिरामी परेका सम्पूर्ण स्थायी/करार कर्मचारीहरुलाई सम्बन्धित कर्मचारीको निवेदन र बिरामीको प्रमाणको आधारमा बढीमा ७ (सात) दिनसम्म तलवी विशेष बिदा दिने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य चौकीलाई मासिक १० लिटर पेट्रोल, आधारभूत स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य इकाइलाई मासिक ५ लिटर पेट्रोल इन्धन सुविधा बजेट शीर्षक नं.२७२ बाट खर्च हुने गरी र सबै २६

संस्थाका इन्चार्जलाई मासिक रू.१०००।- (एक हजार) सञ्चार खर्च बजेट शीर्षक नं.२६४ बाट खर्च हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास ६ मादिवेंशी स्थित माहेन्द्री आधारभूत विद्यालय भवन नजिक रहेको आँपको रुख हावाहुरीबाट ढली विद्यालय भवन माथि परेको हुँदा उक्त रुख र अन्य सुकेका एवं विद्यालय भवनलाई असर गर्ने चार आँपका रुख काट्न अनुमतिका लागि जिल्ला विपद् समितिमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१४ को वडा कार्यालयमा कार्यरत सिताराम आले २०६३ साल तत्कालिन गा.वि.स. हुँदा देखि नै कार्यालय सहयोगीका रुपमा करारमा कामकाज गर्दै आईरहेकोमा निज हाल सो सेवामा नरहेकाले हालसम्म गरेको सेवा प्रति धन्यवाद दिदै एकमुष्ट रू.१५,०००। (पन्ध्र हजार) निजलाई प्रोत्साहन स्वरुपको रकम कर्मचारी कल्याण कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

***